जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २५, २०८१ माघ १७ गते विहीबार, 30 Jan. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

फरक सन्दर्भको २ सन्देश



बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले आज परेको सोनाम ल्होसार र हिजो सहिद दिवसको सन्दर्भमा सन्देश व्यक्त गर्नु भएको छ । उहाँले जारी गर्नुभएको सन्देश यस्तो छ :---

सोनाम ल्होसार २०८१ को अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण तामाङ समुदायका दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु ।

नेपालमा खासगरी मध्य भागको हिमाली, उच्च पहाडी र पहाडी भुभागमा बसोबास गर्ने संस्कृतिका धनी तामाङ समुदायले सोनाम ल्होसार पर्वलाई नाचगान, आफन्त भेटघाट र खानपिन गरेर रमाइलोका साथ मनाउने प्रचलन छ । यो पर्वमा कुलपूजा र प्रकृति पूजा गर्ने परम्परा छ । चेलीबेटी बोलाएर टीका लगाइदिने गरिन्छ । परम्परागत पहिरनले सजिएर एक ठाँउमा भेला भै तामाङसेलो नाच प्रस्तुत गरिन्छ । घर बस्तिहरु सफा राख्नुका साथै बुद्धका तस्बिर अङ्कित ध्वजापताका टाँगेर भगवान बुद्धप्रति श्रद्धाभाव प्रकट गरिन्छ । गुम्बा, चैत्यहरुमा पूजा गरिन्छ । बौद्ध परम्पराका रितिरिवाजलाई आधार मानी हासीखुशीका साथ ल्होसार मनाइन्छ ।

हाम्रा चाडपर्वहरु हाम्रा साँस्कृतिक सम्पन्नताका परिचायक हुन् । पर्वहरुले एकता, मेलमिलाप, शान्ति र सौहार्दता अभिबृद्धिमा सघाउ पुर्‍याउँछन् । हाम्रा चाडपर्वहरु सभ्य, सुखी र समृद्ध जिवनका आधारस्तम्भ हुन् ।

अन्तमा सोनाम ल्होसारले तामाङ समुदायलगायत सम्पूर्ण नेपालीमा सकारात्मकता र उल्लास मित्र्याउन सफल रहोस् भन्ने अपेक्षासहित् पुन: शुभकामना अर्पण गर्दछु ।

१७ माघ २०८१, विहीबार


सहिद दिवस २०८१ को अवसरमा इतिहासका विभिन्न कालखण्डमा देशको निम्ति आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सहिदहरुको बलिदानको मर्मलाई बुझी समृद्ध नेपालको साझा सपना साकार पार्न जिम्मेवारीपूर्वक आ आफ्ना कर्तव्य पालन गर्नमा हामी सबैलाई आजको दिनले प्रेरणा देओस् भन्ने कामना गर्दछु ।

वर्षौं पहिले करौले रोपेको बिरूवाले आज छहारी र शीतलता प्रदान गरेजस्तै देशको निम्ति जीवन उत्सर्ग गर्ने राष्ट्रप्रेमी मानवको बलिदानको परिणामले आज हामी सम्पूर्ण नेपाली स्वाधीन, स्वतन्त्र र स्वाभिमानी भएर अग्रगामी मार्गमा छौं । सहिदहरुको त्याग, साहस र बलिदानको गौरवपूर्ण गाथाले देशलाई माया गर्न र आफ्नो कर्तव्यमा निष्ठापूर्वक लागिरहन हामीलाई हौसला मिल्ने कुरामा म विश्वस्त छु ।

आजको यो महत्वपूर्ण दिनमा सम्पूर्ण राजनैतिक दल र आम नागरिक गम्भीर भई आत्मसमीक्षा गरेर देशको हीतलाई सर्वोपरी राखी अघि बढ्दै मात्र सहिदप्रति वास्तविक सम्मान हुनेछ । संघीय लोकतान्त्रिक गणतन्त्रको यो उत्कृष्ट व्यवस्था तिनै महामानवका बलिदानको उपज हो । अन्तमा आजको दिनले हामीलाई थप उत्तरदायी बनाउने कुरामा विश्वास राख्दै पुन: सहिदहरुप्रति उच्च भाव, सम्मान र श्रद्धाञ्जली व्यक्त गर्दछु।

१६ माघ २०८१ बुधवार

“सीडीओ सा’ प पढ्न उमेरमा बिहे नाई”



श्रीमान प्रमुख ज्यू
जिल्ला प्रसाशान कार्यलय
हेटौडा, मकवानपुर

विषय : विवाह गर्ने उमेर २० वर्ष भन्दा माथिल्लो नै कायमा गरी पाउँ

महोदय,

उपर्युक्त सम्बन्धामा हाम्रो गाउँ घरमा बाल विवाह फैलिरहेको कारण हामी सबैले विवाह बाल विवाह रोकनु पर्छ भन्नुनेमा एकमत छौ । विवाहको उमेर २० वर्ष पारी कायम गर्नको लागि हामी यो माग गर्दछौं । हामी सबै मिलेर बाल विवाह रोक्नुपर्छ भन्ने नाराका साथ बाल विवाहबाट विभिन्नरुन समस्यामा पार्न सक्ने भएकाले विवाहवारी २० वर्ष पारी गरौं भन्दै यो निवेदन पेक्षा गर्दछु धन्यवाद ।

निवेदक

नाम : सरित मुक्तान, कक्षा १०, रोल न. ७ राक्सिराङ गाउँपालिका मकवानपुर ।

यो एक जना किशोरले प्रमुख जिल्ला अधिकारीलाई लेखेको एउटा पत्रको नमुना हो । यस्ता दर्जनौ पत्रहरू मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी तिर्थराज चिलुवाललाई बुझाइएको छ ।

कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौमा यो पत्र पुर्‍याएर आफूहरूको सवाल सम्बोधन गर्नमा सहजिकरणको माग गर्दै किशोर किशोरीहरूले आफ्नो जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई यस्तो अनुरोध गरेका हुन् ।

प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिले गठन गरेको उपसमितिले मिति २०८१ माघ ३ गते विवाहको उमेरहद १८ वर्षमा झार्न सुझाव दिएकोमा उनीहरूले ध्यानाकर्षण गराएका हुन् । सो विषयमा मकवानपुर जिल्लामा रहेर मानव अधिकर संरक्षण तथा मानव बेचविखन विरूद्ध काम गरिरहेका विभिन्न सरोकारवाला संघसंस्थाहरूले यस सवालमा ध्यानाकर्षण पत्र बुझाएका छन् ।

बालबिवाह अन्त्य गर्ने उदेश्यले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले 'बालबिवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०८१' ल्याउन लागिएको अवस्थामा विवाहको उमेर हद नै घटाउन लागेको प्रति सरोकारवालाहरूले आपत्ति जनाएका हुन् । विगतमा भएका विभिन्न अध्ययन, अनुसन्धान अनुसार बालबालिकाको शिक्षा,स्वास्थ्य, मानसिक परिपक्वतालगायतका दृष्टिकोणले विवाहको उमेर २० बर्ष कायम गरी नीति नियम र ऐन कानुनहरू तय गरिएको छ ।

कम उमेरमा विवाह हुदां छिटो गर्भवति हुने, त्यसो हुदां बाल बालिकाको मृत्यु हुन सक्ने, गर्भवती आमा र बच्चा दुबैको स्वास्थ्यमा असर पुग्ने जोखिम रहेको सञ्जाल उपसंयोजक माया तामाङले बताइन् ।

कम उमेरमा विवाह हुदां किशोर किशोरी, महिला तथा युवाको स्वास्थ्य शिक्षामा समेत प्रत्यक्ष असर गर्दछ। बाल विवाहले बालबालिका तथा किशोरकिशोरीहरूलाई आधारभुत अधिकारबाट बन्चित मात्रै गराउदैन, उनीहरूले आफ्नो भविष्यको छनोट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट पनि बञ्चित हुन्छन् । बाल विवाहको कारण वैवाहिक जीवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउँदा स्वास्थ्य सम्बन्धी विभिन्न समस्याहरू देखिने, यौन तथा प्रजनन स्वास्थ्यमा पुर्ण असर पर्ने, लैङ्गिक हिंसा, यौन जन्य हिंसा, बाल श्रम, बिचबिखन जस्ता थप जोखिमहरूले बालबालिका र महिलाहरू थप प्रभावित हुने अवस्था बारे ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ । विगतमा नेपाल सरकार, शिक्षा, स्वास्थ्य र कानुन विज्ञहरू, समाजिक संघसंस्था, विभिन्न राजनैतिक पार्टीका व्यक्तिहरू, जनप्रतिनिधिहरू, नागरिक किशोरी, युवा क्लबलगायत सरोकारवालाहरूको बृहत छलफल बाट विवाहको उमेर २० वर्ष पुर्याईएको स्मरण गर्दै सो कदम नै सही रहेको सरोकार वालाहरूले बताएका छन् ।

बाल विवाह रोक्नको लागि अत्यावश्यक आधार निर्माणको लागि काम गर्नुपर्नेमा १८ वर्षमा झार्ने सवाल बाल अधिकारको दृष्टिकोणले गलत हुने र बालमैत्री, बाल श्रम मुक्त स्थानीय तह घोषणा गर्नेलगायतका अभियान समेत प्रभावित हुने अधिकारकर्मी कुमारी वाइबाले बताइन् ।

विवाहको उमेर हद घटाउनु भनेको आफ्नै योजना र निर्णयमा आफैंले असफल हुने अवस्था रहेको सरोकारवालाहरूको टीप्पणी छ । “समग्र मानव विकास सुचांकमानै असर पार्न सक्ने भएको हुदा विवाहको विषयलाई थप बहसको विषय नबनाई २० वर्षलाई नै कायम गर्न हामीले माग गरेका हौ” सञ्जाल संयोजक आर ती पाठकले भनिन् ।

विशेष गरि बालिका र महिलाको सन्दर्भमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्घंन नगरि उनीहरूको जीवन चक्रमा थुप्रै अधिकार उल्घनको श्रृंखला सृजना गरि थप हिंसाको शिकारमा पर्न सक्ने अवस्था रहेको ध्यानाकर्षण पत्रमा उल्लेन छ ।

बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले अघिल्लो वर्ष बालमैत्री स्थानीय शासन लागु गर्न तय गरिएको नीति कार्यक्रमले समेत बालविवाहको सवाललाई उच्च रूपमा उठाउँदै “प्रदेश र स्थानीय तहको सन्देश बालविवाह मुक्त हाम्रो प्रदेश” अभियान संचालनमा विवाहलाई २० वर्ष नै कायम गर्नुपर्ने कुरालाई जोरदार उठेको थियो ।

यस जिल्लामा बाल विवाहको सवालमा कार्यरत संघसंस्था र निकायहरूको अनुभवलाई हेर्दा बिवाह वारी २० वर्ष पारी भन्ने अभियानले केहि हदसम्म बाल विवाह न्युनिकरण गरेको पाईन्छ । यस अभियानहरूलाई समेत असर पर्ने गरेर विवाहको उमेर घटाउने विषयलाई बहस नगर्न नेपाल सरकार समक्ष मकवानपुरका प्रतिनिधि किशोर किशोरीहरूको पत्र सहित सञ्जालले ध्यानाकर्षण पत्र प्रमुख मार्फत प्रतिनिधि सभाको कानुन न्याय तथा मानव अधिकार समितिलाई पठाएको हो ।

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

कर्म सहितको सम्मान गरौं

आज माघ १७, हिजो हामीले सहिद दिवस मनायौं । जहानीय राण शासनबाट मुक्ती दिने विशेष गरी शुक्रराज शास्त्री, दशरथ चन्द्र, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठप्रति सम्मान , श्रद्धा सुमन प्रकट गरेर दिवसको सन्दर्भमा दीपावली, सरसफाई, प्रभातफेरीलगायत कार्यक्रम गरियो । मुख्य दिन सहिदको शालिकमा माल्यार्पण गरेर गाथाहरू सुनेर/सुनाएर दिवस मनाइयो ।सरकारी कार्यालयदेखि विभिन्न संघसंस्थासम्म दिवसको चहलपहल देखियो । देशका लागि प्राण आहुति दिने सहिदहरुले कुनै जात, वर्ग, धर्म, राजनीतिक दल वा व्यक्तिगत स्वार्थका लागि संघर्ष गरेका थिएनन्। उनीहरुले नागरिक स्वतन्त्रता, समानता, सुशासन र समृद्ध नेपालको परिकल्पनाका लागि लडेका थिए ।

पछिल्ला वर्षहरूमा सहिद दिवस केवल औपचारिकतामा सीमित गर्न थालिएको छ । सहिदका योगदान तथा सपना भाषणमा मात्र सिमित हुन थालेका छन् । उनीहरूको सम्मान, उनीहरूको योगदानको कदर गर्ने हो भने उनीहरूको कर्मको अनुसरण गर्दै कर्तव्य पथमा लाग्नु पर्ने थियो, तर अहिले त्यस्तो निष्ठावान व्यक्ति नै भटिन गाह्रो छ । सहिदको कर्मलाई व्यवहारमा उतार्ने प्रयास गरेको देखिदैन । देशका राजनीतिक अस्थिरता काम रहुञ्जेल सहिदका कर्मप्रति असली सम्मान हुने अपेक्षा मात्रै रहन्छ । सहिदको नाम भजाएर सत्ता टिकाउने चटक जस्तो देखिएको छ अहिले नेपालमा ।

सहिदप्रतिको सच्चा श्रद्धाञ्जली र सम्मानको लागि उनीहरूको कर्म लाई आत्मासथ गर्दै कुशल नागरिकको भूमिका आ आफूले पुरा गर्नुपर्छ । पुष्पगुच्छा चढाएर, च्याली र दीपावली गरेर मात्रै हैन, कर्मले सम्मान देखाउनेतर्फ लाग्नु पर्छ। सहिदहरुले देखेका सपना पुरा गर्न लागि पर्नु आवश्यक छ, भाषणले हैन कर्मले सहिदको सम्मान दर्शाउँन भ्रष्टाचारको अन्त्य, सुशासन, कुशल नेतृत्व, समावेशी र विविधताको सम्मान गर्दै राष्ट्रियता बलियो बनाउन लागौं ।

सहिद सप्ताह र बिर्सिएका सहिदहरू



नगेन्द्रराज पौडेल

१९९७ सालका सहिदहरुको स्वाभिमान निकै उच्च थियो । राष्ट्रप्रतिको जिम्मेवारीबोधले गर्दा उनीहरुले स्वेच्छाले हाँसेर फाँसीमा चढ्न स्वीकार गरे ।

आज सहिद सप्ताहको छैठौं दिन । हामीकहाँ हरेक वर्षको १० देखि १६ माघसम्म सहिद सप्ताह मनाउने प्रचलन छ । यसको संयोजन काठमाडौं महानगरले गर्दै आएको छ । सहिद सप्ताहको पहिलो दिन १० माघ मा सहिद शुक्रराज शास्त्रीलाई प्राणदण्ड दिइएको ठेकुस्थित उनको सालिकमा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोललगायत महानगरका पदाधिकारी एवं स्थानीयले माल्यार्पणका साथ श्रद्धाञ्जली अर्पण गरेर सुरूआत गरिएको यस वर्षको सहिद सप्ताह भोलि अर्थात् १६ माघमा हुने औपचारिक कार्यक्रमसँगै समाप्त हुनेछ । यसै उपलक्ष्यमा १६ माघका लागि नेपाल सरकारले सार्वजनिक बिदासमेत दिँदै आएको छ ।

जिउँदा सहिद ढंकप्रसाद आचार्य १३ माघ २०१३ मा नेपालको १९औं प्रधानमन्त्री बनेपछि सोही साल १६ माघदेखि औपचारिक रुपमा मनाउन थालिएको सहिद दिवस आजसम्म मनाउने गरिएकै छ । यसअघि जेलमा नै सहिद दिवस मनाउने गरिन्थ्यो । नवीनपन भने यसपटकको सहिद सप्ताहमा पनि देखिएन ।

वास्तविक सहिद

नेपाली बृहत् शब्दकोशले सहिदलाई 'आ नो देश, संस्कृति र अस्तित्वको संरक्षण तथा स्वतन्त्रता प्राप्तिका निम्ति बलिदान भएर लोकहितमा लाग्ने अमर व्यक्ति' भनी परिभाषित गरेको छ । यसरी हेर्दा २०६३/०६३ सालसम्म १९९७ माघमा राणा शासकद्वारा मारिएका, प्रजातन्त्रका लागि लडेका तर मर्छु भन्ने जान्दाजान्दै होमिएका चार सहिद मात्र सहिदमित्र पर्थे ।

राणाको विरोध गर्दा १० माघ १९९७ मा शुक्रराज शास्त्री, १३ माघमा धर्मभक्त माथेमालाई झुन्डाएर र दशरथ चन्द र गंगालाल श्रेष्ठलाई १६ माघमा गोली हानी मारिएको थियो । तर, जंगबहादुरविरूद्ध पर्चाबाजी गरेको आरोपमा १९९३ मा झुन्ड्याएर मारेका लखन थापालाई ३ असोज २०७३ को मन्त्रिपरिषद्को बैठकले पहिलो सहिद मानेको छ । लखन थापापछि भने यी ४ जना पर्छन् ।

देश र जनताका लागि लड्नु ठट्टा होइन, उच्च जीवनको मूल्य र मान्यता स्थापना गर्नु पनि हो । माफी मागेर कृपाको जिन्दगी बाँच्नेहरुभन्दा स्वाभिमानमा मर्नेहरुको मूल्य लाखौं गुणा बढी हुन्छ । १९९७ सालका सहिदहरुको स्वाभिमान निकै उच्च थियो । राष्ट्रप्रतिको जिम्मेवारीबोधले गर्दा उनीहरुले स्वेच्छाले हाँसेर फाँसीमा चढ्न स्वीकार गरे । यी ७ दिन उनीहरुको त्याग र बलिदानीलाई स्मरण गर्दै उनीहरुबाट प्रेरणा लिएर अघि बढ्ने दिन हुन् ।

ओझेलमा सहिद

स्वर्गीय कवि भूपि शेरचन भन्छन्, 'हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए, बन्दैन मुलुक दुई/चार सपूत मरेर नगए !' तर आजको अवस्था उनले भनेजस्तो छैन । न देशका लागि मर्नेहरु नै छन्, न सहिद भएकाहरुप्रति नै श्रद्धाभाव व्यक्त गर्ने अरु कोही छन् ।

आज सच्चा सहिदलाई नक्कली सहिदले विस्थापित मात्र होइन गिज्याइरहेको अवस्था छ । देशका लागि हाकाहाकी ज्यान दिने गंगालाल, शुक्रराज, दशरथ र धर्मभक्तजस्ता त आज खोजेर कहाँ पाउनु ?

विगतमा गणतान्त्रिक आन्दोलनमा सहिद भएकाहरु, अंगभंग भएकाहरु र घाइतेलाई समेत आज तिरष्कार गरिएको छ । एउटालाई सत्ताच्युत गराएर अर्कोलाई सत्तारोहण गराउन गरिएको आह्वानमा मर्नेहरुलाई सहिद भनिने चलन आएको छ । आजको लडाइँ नीतिको होइन, सिद्धान्तको पनि होइन, एउटा व्यक्ति ऊ सत्तामा बसिरहन आन्दोलन आह्वान गर्छ, अर्को व्यक्ति उसलाई हटाएर आफू सत्तारोहण हुनका लागि आन्दोलन गर्छ । आम नागरिकहरु यसैका लागि सहिद हुन जान्छन् । यी सिद्धान्तविहीन सहिदका आकांक्षीका कारण सिद्धान्तनिष्ठ सहिदहरु ओझेलमा परेका छन् ।

यद्यपि राणाशासनको अन्त्यदेखि गणतन्त्रको स्थापनासम्म कैयन् सहिदले ज्यानको आहुति दिइसकेका छन् । कति बेपत्ता छन् । कति घाइते, अपांग छन् । तर, आज उनीहरुको जुन सम्मान हुनुपर्ने थियो, त्यति हुन सकेको छैन । उनीहरुले गरेको योगदान नै आजको गणतन्त्र प्राप्तिको मूल आधार थियो । ती सब इतिहासका पाना बनेर बसेका छन् । 'काम गर्ने कालु मकै खाने भालु' को अवस्था आज पनि छ । यसैले त भूपि भन्छन्, 'मरेर सहिद हुनेहरु, जिएर त हेर जिउन झन् गाह्रो छ !'

पातलिँदै सहिद !

जसरी मानक शब्दकोशहरुले स्विकारेको 'शहिद' शब्द प्रयोगमा मौलिक स्वरुपमा रहेको मोटो अक्षर पातलिएर 'सहिद' भएको छ , त्यसैगरी सहिदको अर्थ, मूल्य र मान्यता पनि पातलिएको छ । हूलमूलमा पर्नेहरु, चोरी डकैतीमा मर्ने, मारिनेहरु, इन्काउन्टरमा मारिनेहरु सहिद बनेर क्षतिपूर्ति पाउनका लागि योग्य हुने अवस्थाका कारण आजकल सहिदको परिभाषा पनि पातलिएको छ । राणाशासनविरूद्ध शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द एवं गंगालाल श्रेष्ठ जसरी लागे, यसैका कारण उनीहरुलाई राणाहरुले प्राणदण्ड दिएका थिए ।

आज राजनीतिक खिचातानीले सहिद शब्दको अवमूल्यन जारी छ । मारिने आन्दोलनकारी र मार्ने सुरक्षाकर्मीसँगसँगै सहिद भएका छन् । कर्तव्यपालनका क्रममा वीरगति प्राप्त गर्नेहरु स्तुत्य हुन्छन् तर सहिद होइन । तिनलाई सहिद भनिराख्न जरूरी छैन । दुर्घटनामा ज्यान गुमाउने, अपराधीहरुद्वारा मारिने वा घर/झगडामा अकाल मृत्यवरण गर्नेका परिवारलाई राज्यले आर्थिक सहयोग उपलब्ध गराए पनि सहिद घोषणा गर्न हतारिनु जरूरी थिएन । तर, यस्तैमा मर्ने, मारिनेहरु नै सहिदको सूचीमा लामबद्ध छन् ।

नक्कली हाबी

आज वास्तविक सहिदहरु हराएका छन् । नक्कली सहिदहरु हावी भएका छन् । प्रजातान्त्रिक आन्दोलनमा जानेर, बुझेर लागेर मर्नेहरुको कुनै हिसाबकिताब नै छैन । आतंक, हत्या, हिंसामा लागेर मर्नेहरुलाई सहिद बनाउन राजनीतिक दलहरु तँछाडमछाड गरिरहेका छन् । यसबाट सक्कली सहिदहरुप्रति अन्याय र अपमान भएको छ ।

तत्कालीन राजा महेन्द्रले २०२५ सालमा कस्ता व्यक्तिलाई कुन श्रेणीको सहिदको दर्जा दिने हो भनी गृहराज्यमन्त्री नवराज सुवेदीको संयोजकत्वमा कार्यदल बनाएका थिए । सो कार्यदलले सुझाव त दियो तर कार्यान्वयन भने भएन । गणतान्त्रिक व्यवस्था आएपछि २०६७ सालमा मोदनाथ प्रश्रितको अध्यक्षतामा कार्यदल गठन भयो ।

कार्यदलले सहिदको तीन श्रेणी तय गरी सुझाव दियो । मर्छु भन्ने जान्दाजान्दै होमिएका पहिलोथरी, मर्छु भन्ने नजानेर होमिएका दोस्रोथरी र आर्थिक लाभबाट प्रभावित हुनेगरी सहिद बनाउन खोजिएकाहरु तेस्रोथरी गरी सहिदलाई तीन प्रकारमा वर्गीकरण गरी सुझाव दियो । सो सुझाव पनि लागू भएन । आज कुन कस्तो खाले सहिद हो, भालुको रौं कुन दार्हो, कुन जुंगा भनेझैं भएको छ ।

मौसमी, सक्कली र वास्तविक सहिदको खोजी आजको चासो हो । अहिले अज्ञात समूहको गोली लागि मर्नेहरु, बस दुर्घटनामा ज्यान गुमाउनेहरुसमेत सहिद भएर १० लाख पाउने अवस्था छ । भागदौडमा मर्नेहरुसमेत सहिद भनिएका छन् । १० लाख पाएका छन् । यहाँ कुरो १० लाखको मात्र होइन, असहायका नाममा करोडौं दिँदा पनि हुन्छ । *बाँकी पेज ४ मा*

शुक्रबारको लागि १५ औं अधिवेशन आव्हान

○ सहीखबर संवाददाता

मकवानपुर। बागमती प्रदेशसभाको हिउँदे अधिवेशन माघ १८ गतेका लागि आह्वान भएको छ । प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले माघ १८ गते बिहान ११:00 बजेका लागि अधिवेशन बैठक आह्वान गरेका हुन् ।

बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख देवकोटाले प्रदेशसभाको पन्ध्रौं अधिवेशन आह्वान गरेका हुन् । गत शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले संसद् अधिवेशन आह्वानका लागि प्रदेश प्रमुख समक्ष सिफारिस गरेको थियो । सदनका लागि पर्याप्त 'बिजनेस' नभएपछि विपक्षी दलले माग गरे पनि सरकारले बैठक राख्न सकेको थिएन ।

प्रदेशसभा सचिवालयका अनुसार आगामी अधिवेशन बैठकबाट पारित गर्नेगरी ४ वटा संशोधन विधेयक दर्ता भएको गरिएको हो । प्रदेशसभा सचिवालयका प्रवक्ता मनोज कुमार गुप्ताका अनुसार प्रदेशसभाको आगामी अधिवेशनमा पेस हुनेगरी प्रदेश खेलकुद ऐन संशोधन विधेयक, प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भएको हो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक यसअघि नै प्रदेशसभामा दर्ताका लागि पेस भएको थियो । तर, सभामुख भुवन कुमार पाठकले उक्त विधेयक दर्ता गरेका थिएनन् । प्रतिष्ठानको पदाधिकारी नियुक्तिमा समस्या देखिएपछि प्रदेश सरकारले तत्कालको समस्या हल गर्न ऐन संशोधनको प्रस्ताव दर्ता गर्ने मन्त्रिपरिषद्बाट निर्णय भएको थियो ।

उक्त विधेयकका प्रावधान सच्याउन सभामुख पाठकले फिर्ता गरेका थिए । गत असोज १६ मा मन्त्रिपरिषद्बाट निर्णय गर्दै दर्ताका लागि सचिवालयमा पेस भएको उक्त ४ महिनापछि दर्ता भएको हो ।

मकवानपुरका २२ हजार ७१३ जना किशोरीलाई एचपीभी खोप

○ सहीखबर संवाददाता

मकवानपुर । राष्ट्रिय खोप कार्यक्रम अन्तरगत मकवानपुर जिल्लामा २२ हजार ७१३ जना किशोरीलाई एचपीभी खोप लगाईने भएको छ ।

सरकारको राष्ट्रिय खोप कार्यक्रम अन्तरगत पाठेघर को मुखको क्यान्सर गराउने एचपीभी (ह्युमन प्यापिलोमा भाइरस) विरूद्धको खोप दिइने भएको हो ।

जिल्लाका विद्यालयहरूमा अध्ययनरत ६ कक्षा देखि १० कक्षा सम्मका छात्राहरूलाई लक्षित गरी खोप लगाइने भएको छ । विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई समेत उक्त खोप लगाइने जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । उक्त भाइरसविरूद्धको खोप कार्यक्रम सञ्चालनका लागि जिल्लाको सम्पूर्ण स्थानीय तहबाट तथ्याङ्क सङ्कलनकार्य सकिएको तथा आवश्यक खोप आइसकेको जनस्वास्थ्य कार्यालय मकवानपुर प्रमुख कृष्णबहादुर मिजारले जानकारी दिए ।

फेब्रुअरी ४ मा मनाईने विश्व क्यान्सर दिवसको अवसर पारेर पाठेघरको मुखको क्यान्सर विरूद्ध (एचपिभी खोप) लगाउन लागिएको हो । पहिलो पटक अभियानकै रूपमा खोप कार्यक्रम आएकोले विद्यालयमा अध्ययनरत विद्यार्थी लक्षित गरी खोप लगाईने भएको हो ।

'पहिलो चरणमा अभियान अन्तरगत कक्षा ६ देखी १० सम्म अध्ययनरत छात्रा र विद्यालयबाट बाहिर रहेका १० देखी १४ वर्ष उमेर समूहका किशोरीलाई उक्त खोप लगाइने प्रमुख मिजारले बताए । स्थानीय तहमा रहेका स्वास्थ्य शाखाले उपलब्ध गराएको तथ्याङ्क अनुरूप खोप डोज माग गरिएको बताउँदै उनले भने २२ माघदेखी २५ माघसम्म खोप संचालन हुनेछ । केही स्थानीय तहले भने २८ माघसम्म खोप अभियान सञ्चालन गर्ने उनले जानकारी दिए ।

उक्त खोपको लागि संकलन गरिएको तथ्याङ्क अनुसार मकवानपुरमा सबैभन्दा बढी किशोरीहरू हेटौंडा उपमहानगरमा रहेको पाइएको छ। उपमहानगरपालिकाका विद्यालयमा अध्ययनरत ११ हजार ६८ जना र विद्यालय बाहिरका १०५ जना गरी ११ हजार १७३ जनालाई खोप लगाइने छ । यरौगरी थाहा नगरपालिकामा विद्यालयका १ हजार ८ सय १६ जना र विद्यालय बाहिरका ७३ जनागरि एक हजार ८ सय ८९ जना, ईन्द्रसरोवर गाउँपालिकामा विद्यालयका ४४८ जना र विद्यालय बाहिरका ३८ जनागरी ४८६ जना, मकवानपुरगढीमा विद्यालयका १ हजार १२ जना र विद्यालय बाहिरका ६१ जनागरी १ हजार ७३ जनालाई एचपीभी खोप लगाइने बताइएको छ ।

त्यस्तै, भीमफेदीमा विद्यालयका ८११ जना र विद्यालय बाहिरका ३३ जनागरी ८४४ जना, मनहरीमा विद्यालयका ३ हजार ३ सय जना र विद्यालय बाहिरका ६३ जनागरी ३ हजार ३६३ जना, राक्सिराङमा विद्यालयका ७ सय ७९ जना र विद्यालय बाहिरका १९ जनागरी ७९८ जना, कैलाशमा विद्यालयका ९३३ जना र विद्यालय बाहिरका ७९ जनागरी १ हजार १ जनालाई खोप लगाइने जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । यरौगरी बागमतीमा विद्यालयका १ हजार ३०७ जना र विद्यालय बाहिरका ३२ जनागरी १ हजार ३३९ जना र बकैयामा विद्यालयका १ हजार ६९६ जना र विद्यालय बाहिरका १ सय ५२ जनागरी १ हजार ८४८ जना किशोरीलाई खोप लगाइने उनले बताए ।

'जिल्लाका सबै स्थानीय तहमा आवश्यक तयारी भइसकेको छ, स्वास्थ्यकर्मी, महिला सामूदायिक स्वास्थ्य स्वयम् सेविकाहरूलाई आवश्यक तालिम तथा अभिमुखीकरण प्रदान गरिसकेका छौं, अब सबै खोप केन्द्रबाट खोप लगाउँछौं' प्रमुख मिजारले भने । जिल्लाका सबै स्वास्थ्य चौकी तथा केन्द्रहरूले समेत पालिका तथा वडामा अभिमुखीकरण कार्यक्रम गरेका छन् । हेटौंडा उपमहानगरपालिकाका सबै स्वास्थ्य केन्द्रमा मंगलबार अभिमुखीकरण गरिएको छ ।

अभियानमा सिकोलिन नामक खोप लगाइने बताउँदै मिजारले भने 'स्वास्थ्यकर्मीबाट ०.५ मिलि खोप मासुमा लगाउने खोप हो ।' यो खोप नेपाल सरकारले आव ०८२/०८३ देखी नियमित रूपमा लगाउने गरी तयारी गरेको बताइएको छ । सरकारी तयारी पुरा भए आगामी वर्षहरूमा १४ वर्ष माथि उमेरसमूहलाई पनि खोप लगाउने गरी आउने उनले जानकारी दिए ।

यरौगरी बागमती प्रदेशमा भने २ लाख ९८ हजार ५५९ जनालाई उक्त खोप लगाइने छ । खोप विद्यालयका ६ कक्षादेखि १० कक्षाका २ लाख ७५ हजार ७१ जना किशोरी तथा विद्यालय बाहिरका २३ हजार २३४ जना किशोरीलाई लगाइने लक्ष्य रहेको स्वास्थ्य निर्देशनालय बागमतीका निर्देशक डा नरेन्द्र भाले जानकारी दिए । उक्त भाइरस पुरूषको कारण सर्ने समेत बताइएको छ ।

सरकारले विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)बाट प्रमाणित उक्त खोप १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई एचपीभीको सङ्क्रमणबाट सुरक्षित हुन अभियान सञ्चालन गर्न लागिएको हो । स्वास्थ्य मन्त्रालयको तथ्याङ्कअनुसार नेपालमा हरेक वर्ष २ हजार २ सय महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ । यसमध्ये १ हजार ३ सय महिलाको निधन हुने गरेको जनाइएको छ । खोप अभियान २२ माघदेखि ६ फागुनसम्म देशैभरी संचालन हुनेछ ।

विजुली माया व:न श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार'कलाकार शाहलाई



○ आरपी गुरागाईं

मकवानपुर । 'विजुली माया व:न श्रेष्ठ अन्तर राष्ट्रिय संगीत पुरस्कार' २०८१ बाट कलाकार नीर शाह सम्मानित भएका छन् । मंगलबार भीम विराग संगीत साहित्य कला प्रतिष्ठानले हेटौंडामा सम्मान तथा सांगीतिक कार्यक्रमको आयोजना गरी १६ औं पुरस्कार शाहलाई प्रदान गरिएको हो ।

प्रतिष्ठान अध्यक्ष केशवलाल श्रेष्ठ, साहित्यकार नगेन्द्र थापा, एलबी क्षेत्री लगायतले १ लाख राशीको पुरस्कारसहित गीतकार शाहलाई सम्मानित गरेका हुन् । मूलत: चलचित्र निर्माण, निर्देशन एवम् अभिनयमा समर्पित शाह २०३२ सालदेखि निरन्तर नेपाली गीत लेखनमा समेत सक्रिय स्रष्टा हुन । उनले नेपाली गीत संगीतमा पुर्याएको योगदानको कदर गर्दै पुरस्कृत गरिएको प्रतिष्ठानले जनाएको छ ।

नेपाली गीत लेखनको क्षेत्रमा विगत पाँच दशकदेखि निरन्तर कलम चलाउदै आएका कलाकार शाहका पर्खी बसें आउला भनी.., बादल बनाइदेऊ.., गहिराइमा डुब्दै नडुब .. लगायतका गीत चर्चामा छन् ।

व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आफ्नी आमाको सम्मानमा २०६४ सालमा पुरस्कारको स्थापना गरेका हुन् । २०६४ सालमा अम्बर गुरूङलाई 'विजुली माया वन: श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार' प्रदान गरिएको थियो । स्थापना हुँदा ५० हजार रूपैंया रहेको उक्त पुरस्कारको राशी २०६७ सालबाट बृद्धि गरी १ लाख रूपैंया पुर्याइएको छ ।

त्यसपछि प्रेमध्वज प्रधान २०६५, भक्तराज आचार्य २०६६, फत्तेमान राजभण्डारी २०६७, शान्ति ठटाल २०६८, दीप श्रेष्ठ २०६९, प्रकाश श्रेष्ठ २०७०, न्हुच्छेबहादुर डङ्गोल २०७१, मीरा राणा २०७२, कर्म योञ्जन २०७३, चेतन कार्की २०७४, दावा ज्यात्मो २०७५, दीपक जङ्गम २०७८, किरण प्रधान २०७९, राजेन्द्र थापा २०८० पुरस्कृत भएका छन् ।

वरिष्ठ कलासाधक भीम विरागको सम्मानमा तरङ्ग साँस्कृतिक परिषद्को पहलमा ७ भाद्र २०५९ मा स्थापना भएको भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाल नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रको संस्था हो । देश तथा विदेशमा रही नेपाली वाङमयको क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउँदै आएका सर्जक, स्रष्टाहरुलाई सम्मानित एवम् पुरस्कृत गर्दै आएको यो संस्थाले मकवानपुरको माटोबाट वार्षिक रूपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान समर्पण गर्दै आइरहेको प्रतिष्ठानले जनाकारी दिएको छ ।

प्रतिष्ठान आफैंले स्थापना गरेको भीम विराग राष्ट्रिय सङ्गीत पुरस्कार (२०७७), भीम विराग राष्ट्रिय साहित्य पुरस्कार (२०८०), भीम विराग राष्ट्रिय कला पुरस्कार (२०८०), भीम विराग राष्ट्रिय पत्रकारिता पुर स्कार (२०८१) प्रदान गर्दै आएको छ ।

यसैगरी प्रतिष्ठानले तुलसीमाया शिवकुमारी सिर्जनशील नारी पुरस्कार (संस्थापक मुक्तिगोविन्द वैद्य, २०६०), भीम मथुरा बाल प्रतिभा पुरस्कार (संस्थापक विन्दुगोपाल गोर्खाली, २०६०), कमला भवानी सङ्गीत पुरस्कार (संस्थापक घनश्यामशङ्कर शर्मा, २०६५) प्रदान गर्दै आएको छ ।

यस्तै शीला नारी सङ्गीत पुरस्कार (संस्थापक आशीष श्रेष्ठ, २०६५), हर्षनर बज्राचार्य स्मृति स्वर्ण पुर स्कार (संस्थापक ज्योतिरत्न बज्राचार्य, २०६६), विजय बानियाँ स्मृति लोक सङ्गीत पुरस्कार (संस्थापक चुनु बानियाँ, २०७०), चिनुकुमारी लामा स्मृति साहित्य पुर स्कार (संस्थापक रामबहादुर पाख्रिन, २०७१), मङ्गलादेवी श्रेष्ठ स्मृति स्वास्थ्य सेवा पुरस्कार (संस्थापक देवप्रसाद श्रेष्ठ/दीपकप्रसाद श्रेष्ठ, २०७३), अजित सेन गुप्ता स्मृति भिन्न क्षमता पुरस्कार (संस्थापक रोशन सेन गुप्ता, २०७४) पुरस्कार समेत प्रदान गर्दै आएको छ ।

सञ्चारिका मकवानपुरमा निशा गुरूङ

○ सहीखबर संवाददाता



मकवानपुर । सञ्चारिका समूह मकवानपुरको अध्यक्षमा निशा गुरूङ चयन भएका छन् । समूहको मंगलबार हेटौंडामा भएको तेस्रो अधिवेशनबाट गुरूङको नेतृत्वमा १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन गरिएको हो । यस्तै, समूहको उपाध्यक्षमा जमुना थिङ, महासचिवमा मञ्जु मैनाली, सचिवमा अम्बिका बस्नेत, कोषाध्यक्षमा अन्जना न्यासुर चयन भएका छन् ।

यरौगरी, सदस्यहरूमा क्रमश: सम्झना थापा, सुनिता विष्ट, रिमता अर्याल, सुप्रभा चौलागाईं, अरिमता भट्टराई, रविना घिमिरे, आँचल तिमल्सिना र सुमिना चौलागाई चयन भएका छन् ।

यसअघि सञ्चारिका समूहकी निवर्तमान उपाध्यक्ष प्रिया पौडेलको अध्यक्षता एवम् सञ्चारिक बागमती प्रदेश अध्यक्ष सरिता दाहालको प्रमुख आतिथ्यतामा उद्घाटन सत्र भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष हरि हुँमागाईं, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारी, प्रेस युनियनका सचिव बलराम पुडासैनी, प्रेस सेन्टर मकवानपुर अध्यक्ष एमपी शर्मा, समाजवादी प्रेस संगठन मकवानपुर अध्यक्ष शिव चौलागाईं, स्वतन्त्र पत्रकार संघका मकवानपुर अध्यक्ष गोकुल अधिकारीले मन्तव्य व्यक्त गरेका थिए ।

अङ्गारेश्वर धार्मिक तथा पर्यटन स्थलमा महायज्ञ हुने

○सहीखबर संवाददाता

मकवानपुर । अङ्गारेश्वर धार्मिक तथा पर्यटन स्थलमा "श्रीमद् भागवत सप्ताह ज्ञानमहायज्ञ" सन्चालन हुने भएको छ ।

अङ्गारेश्वर धार्मिक तथा पर्यटन स्थलको आदर्श वाक्य: आत्मालाई जागृत गरौं, सनातन सत्यलाई भन्ने उदेश्यले ज्ञानमहायज्ञ सन्चालन गर्ने अङ्गारेश्वर धार्मिक तथा पर्यटन स्थल हेटौंडा १७, दूलोगङ्गटेको विशेष साधारण सभाले निर्णय गरेको हो । ज्ञानमहायज्ञ कार्यक्रम आगामी ३० माघ देखि ७ फागुनसम्म सन्चालन हुने प्रचार समिति संयोजक चुडामणि रूपाखेती जानकारी दिए ।

महायज्ञ संचालनको लागि अङ्गारेश्वर धार्मिक तथा पर्यटन स्थलका अध्यक्ष कृष्णदेव भण्डारी संयोजक रहने गरि मूल समारोह समिति गठन गरिएको छ । महायज्ञ कार्यक्रम अङ्गारेश्वर धार्मिक तथा पर्यटन स्थल, अङ्गारेश्वर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, अङ्गारेश्वर ढोल विकास संस्था, र अङ्गारेश्वर दूग्ध उत्पादक सहकारी संस्था लिको संयुक्त आयोजना गरिने रूपाखेतीले बताए ।

महायज्ञको लागि ७ वटा समिति गठन गरिएको छ । अर्थ समिति संयोजकमा धर्मराज अर्याल,प्रचार समिति संयोजकमा चुडामणि रूपाखेती, पुजा समिति संयोजकमा केशव भुजेल, अतिथि सत्कार तथा सम्मान समिति संयोजकमा माया राना, सरसफाइ समिति संयोजकमा ओम प्रसाद अधिकारी, समान खरिद समिति संयोजकमा शमशेर पुडासैनी रहने गरि उपसमिति गठन गरिएको हो ।

नियमित सत्सङ, आध्यात्मिक प्रवाचनको आरम्भ गरी सनातन धर्म, संस्कार संस्कृतिको जगेर्ना गर्ने, मन्दिर परिसर भित्र १० फिट अग्लो आधारस्तम्भमा १० फिट अग्लो महादेवको ध्यानावस्थाको मूर्ति स्थापना गर्ने, मन्दिर परिसरमा भएको सभाहललाई स्तरोन्नति गर्ने, मन्दिरको जग्गामा घेराबारा (पर्खाल) निर्माण गर्ने उदेश्यले महायज्ञ गर्न लागिएको प्रचार समिति संयोजक रूपाखेतीले बताए ।

सहिद सप्ताह र बिर्सिएका...

नसक्नेलाई सरकारले मद्दत गर्ने सामाजिक न्यायमित्रकै विषय हो । तर, नभएको सहिदका नाममा रकम दिँदा वास्तविक सहिदको अपमान हुन्छ कि हुँदैन ? चासो यताको हो ।

गणतन्त्रको माग राख्दै आन्दोलनरत

तत्कालीन नेकपा माओवादीले ढाउकाको मूल्य स्विकारेर जनताका लागि लडेमैं ती चार सहिदले पनि राणाको विरोध गर्दा गोली ठोकिनेछ भन्ने जान्दाजान्दै पनि जनताकै लागि लडेर प्राण आहुति गरेका थिए ।

यसर्थ, यिनीहरुको योगदानलाई विस्थापित गर्ने गरी अर्को कुनै पनि भाउदा मरेको, भुक्किएर गोली खाएको वा अज्जानमा मरेको व्यक्ति सहिद बनाएर अपमान गर्न मिल्दैन । तर, अहिले त्यस्तै भएको छ ।

गणतन्त्र ल्याउन ढाउकाको मूल्य स्विकार्नेहरुभन्दा उनीहरुलाई दमन गर्नेहरु नै अहिले सक्कली गणतन्त्रवादी भएमैं सहिदका हकमा पनि कृत्रिम सहिदहरुकै बोलाबाला छ । वास्तविक सहिदहरु ओझेलमा छन् । सहिदकै बलिदानीलाई लिएर राजनीतिको सिँढी चढ्ने भ्याङ बनाएका नेताहरु कर्मकाण्डी रुपमा दिवस मनाएर 'खोलो तर्‍यो लौरो बिर्स्यो' उक्तिलाई सम्झाएका छन् ।

सहिदहरुलाई पनि स्थानीयकरण, दलीयकरण, जातीकरण र व्यक्तीकरणमा संकुचन गरिएको त छैन ? सोच्नुपर्ने भएको छ । वास्तविक रुपमा देश र जनताका लागि बलिदानीका क्रममा भएको आन्दोलनमा राज्यद्वारा मार्नका लागि गरिएको उर्दी, माइकिङ, सूचना वा सुरक्षा घेराको प्रवाह नगरी खुल्लमखुला लौ हिम्मत भए गोली ठोक भन्दै छाती तेर्साउनेहरु नै सच्चा सहिद हुन् ।

बलिदानीको रमितामा गएर हेर्दै गरेको तमासामा भएको भागदौडमा सुरक्षित हुनका लागि किनारा लगाउँदा मर्नेहरु लाछी हुन् । इतिहास लाछीहरुको हुनै सक्दैन । इतिहास त वीर योद्धाहरुकै हुनुपर्ने हो । तर, वीर योद्धाहरु आज ओझेलमा छन् । लाछीहरु सहिदको थान्कोमा छन् ।

विगत पनि उस्तै

पञ्चायतकालमा प्रजातन्त्र पुन:स्थापनाका लागि भएका आन्दोलनमा पटकपटक थुप्रै योद्धाले शहादत प्राप्त गरेको भए पनि उनीहरुका 'दयगतमा राज्यले त्यति महत्व दिएको देखिँदैन ।

२०४६ को जनआन्दोलनमा शहादत प्राप्त गर्ने १९ जनालाई सम्मानस्वरुप सरकारले जनही लाख रूपैयाँ आर्थिक सहयोग भने यसअघि गरिसकेको छ । माओवादी जनयुद्ध, १९ दिने जनआन्दोलन तथा मधेस आन्दोलनका अतिरिक्त यस क्रममा कैयन नागरिकले ज्यान गुमाइसकेका छन् ।

सहिद परिवारका नाममा केहीलाई राहत दिइए पनि कतिपय अझै पनि उपेक्षित छन् । यी सबैका 'दयगतमा खोजीनिती हुन आवश्यक छ ।

मरेका मात्र नभएर अंगभंग भई बाँचेका तथा बेपत्ता पारि एकाहरुको पनि खोजीनिती हुन आवश्यक छ । सहिदका अपूरा सपना पूरा गर्न सबै गणतान्त्रिक शक्तिहरु एकताबद्ध भई समृद्धिको यात्रामा हातेमालो गर्न सकेमा मात्र सहिद सप्ताहले सार्थकता पाउनेछ । *राजधानीबाट सामार*

बाल विवाह नगरौं, नगराऔं, यो गैरकानूनी कार्य हो

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

१९ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

बाल विवाह नगरौं

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१७ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका निकट भविष्यमा बालमैत्री स्थानीय शासनयुक्त स्थानीय शासन घोषणा गर्न लागिएकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैर कानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

रामकृष्ण थापा अध्यक्ष

८ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका मकवानपुर

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ माघ १७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

बागमतीमा बजेट विवाद

प्रदेशसभा चल्न नदिने माओवादीको चेतावनी

○गोपिनी दाहाल

मकवानपुर । आम नागरिकको समस्या सम्बोधनको लागि सत्ता पक्ष र प्रतिपक्षिबीच प्रतिष्पर्धा हुने चासो र चिन्तन हुने भैदिए सर्वसाधारण वर्गले पनि आफ्नो सरकार रहेको आभाष गर्ने थिए । तर सर्वसाधारणले सर कारको औचित्यमाथि प्रश्न गरिरहेको बेला बजेटको सवालमा द्वन्द्व हुदाँ निराशा झनै बढ्ने देखिन्छ ।

अघिल्लो सरकारको पालामा पनि बजेटमाथिको विवादकै कारण लामो समय बागमतीमा संसद चलेन । अहिले फेरी पुरानै रोग बल्झिएको छ । सदनका लागि पर्याप्त बिजनेस नभएको भन्दै विपक्षी दलले माग गरे पनि सरकारले ४ महिनासम्म बैठक राख्न सकेन । तर, चार महिनापछि भोलि १८ माघको लागि बागमती प्रदेशसभाको हिउँदे अधिवेशन आह्वान गरिएको छ । आजै प्रदेश सभाको सातौं वार्षिक उत्सव समेत रहेकोले विशेष कार्यक्रम पनि छ ।

प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले माघ १८ गते बिहान ११:00 बजेका लागि अधिवेशन बैठक आह्वान गरेका छन् । बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको सांविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख देवकोटाले प्रदेशसभाको पन्धौं अधिवेशन आह्वान गरेका हुन् । गत शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले संसद् अधिवेशन आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गरेको थियो । प्रदेशसभा आह्वान भए पनि सत्ता र प्रतिपक्षबिचको अन्तर्द्वन्द्वले समस्या हुने देखिएको छ । बजेटमाथिको विवादको असर प्रदेशसभाको अधिवेशनमा समस्याका रुपमा देखिने भएको हो । सत्तापक्षले सहजै प्रदेशसभा सञ्चालनको वातावरण तयार नगरेको प्रतिपक्षको आरोप छ ।

सरकारको रणनीति कुरेर माओवादी बसेको छ भने, सरकारमा सानो दलको रूपमा रहेको राप्रपा सशक्त भूमिका देखाउने तयारीमा छ ।

प्रदेशसभा सञ्चालनमा सरकारको उपस्थितिका आधारमा अघि बढ्ने माओवादी केन्द्रले तयारी गरेको छ । अहिलेकै अवस्थामा बैठक सञ्चालन हुन नसक्ने माओवादीले केन्द्र दाबि गर्दै आएको छ । "सरकारको रणनीतिका आधारमा हामी अघि बढ्ने योजनामा छौं" माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालले भने "सरकारको रणनीतिअनुसार प्रतिपक्षको भूमिका निर्धारण गर्नेछौं,सरकारले वातावरण तयार बनाए संसद् अघि बढ्छ नत्र बढ्दैन ।"

सरकारले प्रदेशसभा सञ्चालनका लागि प्रतिपक्षसँगको छलफल गरी उचित निर्णय गराए मात्र बैठकका कार्यक्रम अघि बढ्ने उनको भनाइ छ । प्रतिपक्ष दलहरुसँगको सहमति कार्यान्वयनमा सरकारले उदासीन भएको उनले आरोप लगाए ।

प्रतिपक्षि दलले विषेशगरी प्रदेशस्तरमा बनेको कार्यदलको प्रतिवेदन कार्यान्वयनको माग गरेको छ । सो कार्यदलको प्रतिवेदनमा समावेश भएको बजेट कार्यान्वयनका सवालमा उचित निर्णय हुनुपर्ने प्रतिपक्षिको माग छ । "प्रदेशसभाका सदस्यहरुको सिफारिसमा परेको योजनामा बजेट थप गर्ने सहमतिसमेत भएको थियो, त्यसमा पनि सरकारले निर्णय गर्नुपर्छ"ढकालले भने ।

यता गत असोजको दोस्रो साताको विपद् व्यवस्थापनका सन्दर्भमा असोजपछिका बैठकहरुको विषयमा सर कारले ठोस कदम चाल्न नसकेको आरोप पनि प्रतिपक्षिको छ । विपद् व्यवस्थापनका लागि प्रदेश सरकारले मृतकलाई जनही एक लाख रूपैयाँ उपलब्ध गराउनेबाहेक अन्य काम गर्न सकेको छैन ।

विपद् प्रभावित नागरिकको अस्थायी आवास निर्माणका लागि दुई लाख रूपैयाँ उपलब्ध गराउने निर्णय भए पनि सरकारले त्यो काम अघि बढाएको छैन । विपदको क्षतिमा पुनर्निर्माण गर्नतर्फ सरकारले स्रोत सुनिश्चितता गर्न सकेको छैन ।



यता संसदको सबैभन्दा सानो दल राप्रपाले सबैभन्दा सशक्त भूमिका देखाउने तयारी गरेको छ । राप्रपा सरकारको अर्को प्रतिपक्ष दल हो । प्रदेशसभामा तुला पार्टी हाबी भएको र सर्वसाधारणको सवालमा सरकार तथा विशेषगरी तुलादलहरू संवेदनशीन नभएको आरोप राप्रपाको छ । पार्टीका संसदीय दलका नेता उद्धव थापाले प्रदेशसभा सञ्चालनको विषयमा सत्ता र प्रतिपक्षबिचको समस्या हल गरेर अघि बढ्नुपर्ने बताउँछन् । संसद सञ्चालन गरी नागरिकका समस्या हल गर्न अघि बढ्नुपर्ने उनको भनाइ छ । बजेट कार्यान्वयनको सन्दर्भमा बनेको कार्यदलको प्रतिवेदन कार्यान्वयन हुन नसकेको र सरकारले प्रतिपक्षको साझा मागलाई सम्बोधन नगरेको प्रति थापाले सरकारी उदाशिनताको पराकाष्ठ नाघ्न थालेको बताए ।

"संसद्लाई सक्रिय र नागरिकका माग मुखरित हुने गरी सञ्चालन गर्नुपर्छ" उनले भने, "हिजो बजेट बनाउने दल अहिले प्रतिपक्षमा छन् । हिजो प्रतिपक्षको हिसाबले सम्झौता गर्नेहरु अहिले सरकार चलाइरहेका छन्, फेरी पनि किन के पुगेन, अझै पनि उहाँहरुलाई नै पुगेन भन्ने सुन्दैछु ।" सरकारका सत्तापक्ष र प्रतिपक्षिले साना दललाई देखाएर मौका उठाउने काम गरिरहेका आरोप छ ।

बजेटका सन्दर्भमा निरन्तर प्रतिपक्षमा बसेको राप्रपाचाहिं वास्तविक पीडित रहेको उनले बताए । "तुला दलहरु सत्ता र प्रतिपक्षको नाममा स्वार्थ सिद्ध गर्न केन्द्रित छन्, राप्रपा संसदबाटै आफ्ना विषयहरु सशक्त उठाउने र आवश्यक परे संसद् बन्द गर्नेसम्मको हैसियत राख्छ" थापाले भने ।

प्रदेश सरकारको अर्को प्रतिपक्षि दल नेकपा एकीकृत समाजवादीले पनि सरकारले जनताको मर्कालाई नजर अन्दाज गरेको आरोप लगाए । नेकपा एकीकृत समाजबादी बागमती प्रदेश संसदीय दलका नेता कृष्ण प्रसाद शर्मा खनालले सरकार गलत शैलीमा चल्दा नागरिकका समस्या समस्या सम्बोधन हुन नसकेको बताउँछन् । सरकारले दुई पटक बजेट कार्यान्वयनका विषयमा सहमति गरेर पनि कार्यान्वयन नगरेको र एकलौटी चलेको उनको आरोप छ ।

शुक्रबार ११ बजेको लागि प्रदेश सभाको १५ अधिवेशन आव्हान गरिएको छ भने दिउँसो वार्षिक उत्सव कार्यक्रमको तयारी गरिएको छ।

हार्दिक बधाइ

सञ्चारिका समूह नेपाल मकवानपुर शाखाको तेस्रो अधिवेशनबाट निर्विरोध चयन हुनुभएको अध्यक्ष:निशा गुरूङ, उपाध्यक्ष: जमुना थिङ,महासचिव: मन्जु मैनाली, सचिब: अम्बिका बरूनेत,कोषाध्यक्ष: अन्जना न्यासुर ,सदस्यहरु सुप्रभा चौलागाई,सुमिना चौलागाई, अस्मिता भट्टराई, आंचल तिमल्सिना, सम्झना मगर,रबिना गोले, स्मिता अर्जेल, सुनिता बिष्टलाई बधाई, सफल कार्यकालको शुभकामना



सरिता दाहाल, अध्यक्ष

सञ्चारिका समूह बागमती प्रदेश शाखा

दशौं राष्ट्रिय खेलका लागि ५ करोड बजेट थप

○सहीखबर संवाददाता

मकवानपुर । दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बागमती प्रदेश सरकारले बजेट थप गर्ने भएको छ ।

बागमती प्रदेश खेलकुद विकास परिषद्को प्रस्ताव अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयले ५ करोड रूपैयाँ थप बजेट उपलब्ध गराउने भएको हो ।

परिषद्ले प्रदेशको युवा तथा खेलकुद मन्त्रालयमार्फत माग गरेको ७ करोड ५० लाख रूपैयाँ बजेटमध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयले ५ करोड रूपैयाँ उपलब्ध गराउने भएको हो । उक्त विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट औपचारिक निर्णय हुन भने बाँकी छ ।

अर्थ मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीका अनुसार थप बजेट उपलब्ध गराउने विषयमा प्रक्रिया अघि बढाइएको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेको स्वीकृति बाँकी रहेको उनले बताए ।

उक्त योजनाका लागि प्रदेश सरकारले ३ करोड ७५ लाख रूपैयाँ विनियोजन गरेको थियो । हाल ५ करोड रूपैयाँ थप बजेटसहित ८ करोड ७५ लाख रूपैयाँ उपलब्ध हुने सचिव मैनालीले बताए ।



उनका अनुसार प्रदेश सरकारको आर्थिक अवस्था र राजस्व सङ्कलनको स्थितिका आधारमा उक्त बजेट व्यवस्थापन गरेको हो । विपद्का कारण भएको क्षति व्यवस्थापन गर्न ठुलो खर्च आवश्यक परेकाले परिषद्ले माग गरे अनुसार बजेट दिन कठिन भएको उनको भनाइ छ ।

आगामी चैत ३५ देखि ३० गतेसम्म सञ्चालन हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रदेश सरकारलाई बजेट अभाव देखिएको थियो ।

प्रदेशको युवा तथा खेलकुद मन्त्रालयले ७४ करोड रूपैयाँको बजेट कार्यान्वयन गरिरहेको र उक्त बजेटमध्ये दशौं राष्ट्रिय खेलकुदका लागि ३ करोड ७४ लाख रूपैयाँ बजेट विनियोजन भएको थियो ।

३६ खेलका लागि प्रदेश सरकारले विनियोजन गरेको ३ करोड ७४ लाख रूपैयाँ र थप बजेट ५ करोड रूपैयाँले समेत अपुग हुने युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले जानकारी दिए ।

उनका अनुसार गत वर्ष अन्तर प्रदेश खेलकुद सञ्चालनका लागि मात्र प्रदेश सरकारले मन्त्रालयलाई ९ करोड रूपैयाँ बजेट व्यवस्था गरेको थियो ।

दशौं राष्ट्रिय खेलकुदका लागि ३६ खेलका खेलाडी छनोट, खेलाडीको आवास खर्च, खेलाडीको पारिश्रमिक तथा सेवा सुविधामा खर्च गर्नुपर्ने मन्त्री महर्जनको भनाइ छ । ती खेलका १ हजार ३०० खेलाडी बागमती प्रदेशका १३ जिल्लाबाट छनोट गरी बन्द प्रशिक्षणमा राखेर सहभागी गराउनु पर्ने उनले बताए ।

मन्त्री महर्जनका अनुसार दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको ३६ खेलका १ हजार ३०० खेलाडी छनोट गरी बन्द प्रशिक्षणमा राख्नुपर्ने हुन्छ ।

उनीहरुलाई आवासीय सुविधासहित बन्द प्रशिक्षणमा राखेर प्रतियोगितामा सहभागी गराउने तयारी भइरहेको उनले बताए ।

निजी वनमा सालको रुख काट्न अनुमति दिने कार्यविधि तयार

○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले निजी वनमा रहेका साल प्रजातिको रूख सदुपयोगका लागि कटान गर्न पाउने व्यवस्थाका लागि कार्यविधि तयार पारेको छ ।

मन्त्रालयका सचिव डा. केदार बरालले निजी वनको साल प्रजातिको रूख कटान, उपभोग, ओसारपसार, बिक्री वितरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०८१ तयार गरि स्वीकृतिका लागि प्रदेश सरकार मन्त्रिपरिषद्मा पठाउने अन्तिम चरणमा पुगेको बताएका छन् ।

'मन्त्रालयले अहिले निजी वनको साल प्रजातिको रूख कटान, उपभोग, ओसारपसार, बिक्री वितरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०८१ मस्यौदा तयार गरिसकेको अवस्था छ,' उनले भने ।

वन तथा वतावरणमन्त्री कृष्णप्रसाद सिलवालले कार्यविधिले कुनै व्यक्तिले गैर कानूनी ढंगबाट अन्य निजी वन धनीको जग्गामा रहेको रूख चोरी कटानी तथा निकासी गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने बताए ।

जसको अनुगमन तथा प्रतिवेदनसम्बन्धी व्यवस्थामा डिभिजन वन कार्यालय, स्थानीय तह, वन निर्देशनालय र मन्त्रालयले अनुगमन गर्ने कार्यविधिमा व्यवस्था गरिएको मन्त्री सिलवाल बताउँछन् ।

कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि लागू हुनेछ ।

कार्यविधि बमोजिम दर्ता भएका निजी वन धनीहरुले आफ्नो वन क्षेत्रमा लगाइएका वा हुर्काइएका सालका रूखहरु स्वीकृति लिइ कटान र उपयोग गर्न सक्नेछन् ।

संघीय सरकारको ७ मंसिर २०८० मा नेपाल राजपत्र भाग ५ मा प्रकाशन गरेको सूचना १ को ५ (ग) मा दर्ता भएका निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिको रूख कटान, उपभोग ओसारपसार र बिक्रि वितरण गर्न पाउने र यसको प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने व्यवस्था गरेकोले प्रदेश सरकारले निजी वनको साल कटान तथा उपयोग कार्यको अनुगमन गर्नका लागि कार्यविधी तयार गरेको सचिव बरालले बताए ।

प्रदेशको वन निर्देशनालयद्वारा आयोजित अर्धवार्षिक समिक्षा गोष्ठीमा निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र र बागमती प्रदेशमित्रका १५ वटै डिभिजन वन कार्यालयका प्रमुखहरूले अन्तिम रूप दिएको कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात तुरून्तै लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

हेटौंडा १९ को अत्यन्त जरुरी सूचना सूचना सूचना

नेपालको संविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धी व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरुले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन अनुरोध छ । यदि वडा मित्र माथि उल्लेखित कानून बिरुद्धका कार्यहरु भए गरेमा कानून बमोजिम भइजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

अध्यक्ष: नरनाथ सुवेदी

१९ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

सहिदहरूप्रति सम्मान गरौं

- सहिदहरू राष्ट्रिय गौरव,
- सहिदहरूको वलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपालीहरू एकसाथ जुटौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड